# पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## विज्ञापन कर, पार्किङ्ग शूल्क र सडक मर्मत संभार शूल्क संकलन सम्बन्धी दरभाउ पत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७७/०४/१७)**

पाँचखाल नगरपालिकाको आर्थिक ऐन, २०७७ बमोजिम स्वीकृत दररेटको अधिनमा रही यस नगर क्षेत्र भित्र विज्ञापन कर, पार्किङ्ग शूल्क र सडक मर्मत संभार शूल्क संकलनको कार्य छुट्टाछुट्टै रुपमा ठेक्का बन्दोबस्तद्वारा गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही तिनवटा मध्ये एक वा बढी कर उठाउन चाहने योग्य इच्छुक नेपाली नागरिक वा दर्तावाला संस्थाले देहायका शर्त बन्देजको अधिनमा रही छुट्टाछुट्टै शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्त बन्देजहरु:**

१. यस सम्बन्धी दरभाउपत्र विज्ञापन कर र पार्किङ्ग शूल्कको फारम रु. १,०००।- (एक हजार मात्र) तथा सडक मर्मत संभार शूल्कको रु. २,०००।- (दुई हजार मात्र) (पछि फिर्ता नहुने) तिरी पाँचखाल नगर कार्यपालिकाको राजस्व शाखाबाट प्राप्त गर्न सकिने छ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध) दिन भित्र कार्यालय समय सम्ममा दर भाउ पत्र फारम खरिद गर्न र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सोह्रौ दिन दिनको १२:०० बजे भित्रमा शिलबन्दी दरभाउपत्र फारम पाँचखाल नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्न सकिने छ। साथै, दर्ता भएका दरभाउपत्रहरु मध्ये सडक मर्मत संभार शूल्क तर्फ दिनको १:०० बजे, विज्ञापन कर तर्फ दिनको २:०० बजे र पार्किङ्ग शूल्क तर्फ दिनको ३:०० बजे पाँचखाल नगरपालिकाको कार्यालयमा खोलिने छ।

३. दरभाउपत्र साथ आफुले कबोल गरेको कुल रकमले हुन आउने पाँच प्रतिशत वा सो भन्दा बढि रकम यस कार्यालयको नेपाल बैंक लि. पाँचखाल-४ स्थित बैंक खाता नं. १२४०३०००००३०००००००००१ मा जम्मा गरेको सक्कलै भौचर धरौटीका रुपमा समावेश गरेको हुनुपर्ने छ।

४. दरभाउपत्रदाताले बढीमा आ.व. २०७७/०७८ सम्म एक आर्थिक वर्षको अवधिको लागि उक्त कर उठाउन पाउने गरी यस कार्यालयलाई बुझाउन सक्ने रकम अंक र अक्षर दुवैमा स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्नेछ।

५. स्वीकृत दरभाउपत्रदाताले आफुले कवोल गरेका ठेक्का रकम बढिमा तीन किस्तामा बुझाउनु पर्नेछ। यसरी किस्ता किस्तामा ठेक्का रकम बुझाउने भएमा ठेक्का सम्झौता भएको एक हप्ताभित्र कबोल अंकको ३५% ले हुन आउने रकम यस कार्यालयमा बुझाई बाँकी रकम बराबर वा सो भन्दा बढिको मान्यता प्राप्त बैंकबाट जारी गरेको मिति २०७७ साल साउन १० गते सम्म म्याद भएको बैंक ग्यारेण्टी सक्कलै पेश गर्नुपर्ने छ।

६. दरभाउपत्र फारम खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा क्रमशः सो को भोलिपल्ट हुनेछ। साथै, दरभाउपत्र खोल्ने दिन दरभाउपत्रदाताको प्रतिनिधि अनुपस्थित रहे पनि दरभाउपत्र खोल्न कुनै बाधा परेको मानिने छैन।

७. संस्थागत आवेदकको हकमा आफु त्यस्तो दरभाउपत्र दाखिला गर्न अयोग्य नभएको भनि स्वयम् घोषणा पेश भएको हुनुपर्ने छ। साथै, नविकरण गरिएको इजाजतपत्र, मु.अ.क. दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. दर्ता प्रमाण पत्र र आ.व. २०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्र दाखिला गरिएको हुनुपर्ने छ।

८. कुनै पनि दरभाउपत्र विनाकारण पूर्ण वा आशिक रुपमा स्वीकृत वा अस्विकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

९. यो सूचना यस कार्यालयको website: www.panchkhalmun.gov.np मा हेर्न सकिने छ।

१०. यस सूचनामा नपरेका कुराहरुका हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र पाँचखाल नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम हुनेछ।

**कामको विवरण**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम वार्षिक कबोल अंक (मु.अ.क. बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १. | PMIR/01/2077/078 | सडक मर्मत सम्भार/उपयोग शुल्क संकलन | रु. २५,००,०००।- (पच्चिस लाख रुपैया मात्र) | |
| २ | PMIR/02/2077/078 | पाँचखाल नगर क्षेत्र भित्र विज्ञापन कर संकलन | रु. १,५०,०००।- (एक लाख पचास हजार रुपैया मात्र) | |
| ३ | PMIR/03/2077/078 | पलाञ्चोक मन्दिर परिसरमा पार्किङ्ग शूल्क संकलन | रु. ३,००,०००।- (तीन लाख रुपैया मात्र) | |